Reg. 20/1205/057/085

*Media for Human Rights and Democracy*

# मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

Institute of Human Rights Communication Nepal
(IHRICON)

**श्रृंखला- ८**

**सञ्चार अनुगमन**

**मासिक प्रतिवेदन- असोज २०७१**

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को असोज महिनामा मुलुकभर महिला हिंसाका १५ घटना भएको छ भने त्यसैगरी बालबालिका सम्बन्धी ६ घटना भएको पाइएको छ ।




राजधानीबाट प्रकाशित चार प्रमुख दैनिकका अनुसार यस महिनामा ५ महिलाको हत्या भएको छ, २ महिला सामूहिक बलात्कारमा परेका छन् । त्यसैगरी १ महिला बलात्कारमा परेकी छन् । बोक्सीको आरोपमा ४, कुटपिटमा १, हत्या प्रयासमा २ महिला पीडित भएका छन् ।

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ६ वटा पहिचान गरेका छन् जसमा १ बालकको हत्यासमेत भएको छ । बलात्कारको शिकारमा परेका ३ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । त्यसमध्ये एक बालिका सामूहिक बलात्कारको शिकार भएकी छन् । यौन दुर्व्यवहार तथा बाल विवाहमा १-१ बालिका पीडित भएका छन् ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार असोज महिनामा महिला र पुरुष गरी १३ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा १ पुरुष र १ महिलाको हत्या भएको छ भने ११ पुरुष घाइते भएका छन् ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ९, मध्यमाञ्चल ५, पश्चिमाञ्चल ३, र मध्य-पश्चिमाञ्चल ४ रहेको देखिन्छ ।

**बालबालिका तथा महिला हिंसा क्षेत्रगत आधारमा : असोज २०७१**




यस पटक इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो ।

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।